**निर्णयहरु :**

१. आ.व. २०७५/७६ का आयोजनाहरुलाई पूर्वनिर्धारित समय तालिका अनुसार सम्पन्न गर्नका लागि सवै जनप्रतिनिधिहरुले आ-आफ्नो स्थानबाट निरिक्षण तथा अनुगमन कार्यमा जोड दिने निर्णय गरियो ।

२. घरधुरी सर्वेक्षण सहितको डिजिटल प्रोफाईल निर्माणका लागि कानुन बमोजिम प्रक्रिया अगाडी बढाई काम गर्ने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिकाको सशर्त तर्फको ग्रामीण सडक सँग भू-संरक्षण, प्राकृतिक श्रोत व्यवस्थापन र पानी श्रोत व्यवस्थापन शिर्षकमा प्राप्त सशर्त तर्फको वजेट कार्यान्वयका लागी **मर्स्याङ्दी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५** को आधारमा उपभोक्ता समिति मार्फत काम अगाडी बढाउने निर्णय गरियो । साथै आयोजना कार्यान्वयनमा वन तथा वातावरण मन्त्रालयद्धारा स्वीकृत **सामुदायिक विकास तथा हरियाली आयोजना ( सा.वि.ह.आ ) कार्यक्रम कार्यान्वयन कार्यविधिका** सैद्धान्तिक पक्षहरुलाई समेत आधार मानेर आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. मर्स्याङ्दी गाउँपालिका र आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहकार्यमा वडा नं. ६, ७ र ८ लाई समेटेर सञ्चालन हुने होमस्टे तालिमका लागि गाउँपालिकाबाट अधिकतम रु १,००,०००।०० सम्म वजेट व्यवस्था गर्ने निर्णय गरियो ।